कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

5MRQ+7C6 Kohalpur

लुम्बिनी प्रदेश,नेपाल

प.सं.२०८२/०८३(कृषि विकास शाखा)

च.नं. १८८९

## कृषि यान्त्रिकरण कार्यक्रमको लागि प्रस्ताव आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

प्रथम पटक सूचना प्रकाशित मिति :-२०८२/१२/९

यस कोहलपुर नगरपालिकाको चालु आ.व.२०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तरगत कृषि विकास शाखा तर्फका तपसिलको कार्यक्रम यस नगरपालिकाको " कृषि तथा पशुपन्छी ऐन, २०८२ को परिच्छेद-८ को दफा ३१ को उपदफा (४) को (क), (ख), (ग), (घ), (ङ), (च) र उपदफा (५)" को प्रावधान अनुसार संचालनका लागि कोहलपुर नगरपालिका भित्रका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि समिति वा कृषि फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन (मिति २०८२/१२/२३ ) गते भित्र (अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुल्ने दिन) तपसिलका कागजातहरु सहित नगर कृषि विकास शाखा, कोहलपुरमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीको लागि नगर कृषि विकास शाखाको सम्पर्क नम्बर ०८१-५४१७५८ वा शाखा प्रमुखको मोबाईल नम्बर ९८५७८३२०८३ मा सम्पर्क गर्न सकिने छ ।

तपसिल :

| क्र.सं. | योजनाको नाम | यान्त्रिकरणको नाम र क्षमता | अनुदानको सिमा |
|---|---|---|---|
| १ | कृषि तथा पशुपन्छी ऐन, २०८२ बमोजिम सम्बन्धित लाभग्राहीलाई नगद अनुदान उपलब्ध गराउने गरी कृषि यान्त्रिकरण कार्यक्रम | १. पावर टिलर-२२ एचपी र १८ एचपी<br>२. मिनि टिलर-९ एचपी<br>३. रिपर (धान तथा गहुँ काटने प्रयोजनका लागि) | ५० प्रतिशत |
| २ | कृषि तथा पशुपन्छी ऐन, २०८२ बमोजिम सम्बन्धित लाभग्राहीलाई नगद अनुदान उपलब्ध गराउने गरी कृषि यान्त्रिकरण कार्यक्रम वडा नं.१५ तर्फ | १. पावर टिलर-२२ एचपी र १८ एचपी<br>२. मिनि टिलर-९ एचपी<br>३. रिपर (धान तथा गहुँ काटने प्रयोजनका लागि) | |

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१. प्रस्तावकको निवेदन।

२. दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि (समुह/निजी फार्म/कम्पनी/समिति/ सहकारीको लागि मात्र)।

३. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी र आ.व.२०८१/२०८२ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि (समुह/ निजी फार्म/कृषि समिति/सहकारीको लागि मात्र)।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

५. प्रस्ताव पेश गर्नेको नागरिकता र जग्गाको लालपुर्जाको प्रतिलिपि ।

६. अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिप (कृषिसमुह/समिति/सहकारीको लागि मात्र)।

७. कार्ययोजनको प्रतिलिपि ।

(मान बहादुर गिरी)

प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

(कृषि विकास शाखा)

Google Plus Code

5MRQ+7C6 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८२/०८३

च.नं.

---

**५० प्रतिशत लागत साझेदारीमा सञ्चालन हुने कृषि यान्त्रिकरण कार्यक्रमको आवेदन रद्द गर्ने सम्बन्धी सूचना !!!**

सूचना प्रकाशित मिति : २०८२/१२/९

यस कोहलपुर नगरपालिकाको मिति २०८२/०९/२५ गतेको उन्नाइसौं नगर सभाबाट कृषि तथा पशुपन्छी ऐन, २०८२ भई सोही ऐन बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गरी मिति २०८२/११/२९ गतेको कार्यपालिकाको र मिति २०८२/१२/०८ गतेको आर्थिक विकास समितिको बैठकबाट निर्णय भएकाले मिति २०८२/०७/२० गते प्रकाशित सूचना बमोजिम नगर कृषि विकास शाखामा प्राप्त भएका सम्पूर्ण प्रस्ताव/आवेदनहरु रद्द भएको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

नोट : थप जानकारीको लागि नगर कृषि विकास शाखाको सम्पर्क नम्बर ०८१-५४१७५८ वा शाखा प्रमुखको मोबाईल नम्बर ९८५७८३२०८३ मा सम्पर्क गर्न सकिने छ ।

(मान बहादुर गिरी)
प्रमुख प्रशासकीय अधिकृत